आज मिति २०८२ साल फागुन महिनाको २५ गतेका दिन बिहान ११ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ८७औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति:**

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री दल बहादुर के.सी. | नि. प्रमुख प्रशासकीय अधिकृत | |

**आमन्त्रीत:**

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री शंकर प्र. घिमिरे | आ. प्र. शाखा प्रमुख | |
| ३ | श्री लक्ष्मण पुन मगर | अ. लि. | |

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ८७
मिति: २०८२/११/२५
समय: बिहान ११ बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. नगर स्थापना दिवस सम्बन्धमा।

३. ईन्जिनियर मानस थापाको अध्ययन विदा र अध्ययन खर्च प्रायोजन सम्वन्धमा।

४. मेडिकल अधिकृत आठौं, अ.न.मि र अ.हे.व को विज्ञापन सम्वन्धमा।

५. शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि सम्वन्धी पुरक शैक्षिक पूर्वाधार निर्माण ठेक्काको भेरियसन आदेश सम्वन्धमा।

६. प्रा.वि र आ.वि शिक्षक विज्ञापन सम्वन्धमा।

७. स्वास्थ्य भवन माग सम्वन्धमा।

८. आ.व. २०८२/०८३ का स्वीकृत योजनाको कार्यान्वयन सम्वन्धमा।

९. विविध।

निर्णयहरु:

**निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा** मिति २०८२/१०/२५ गते बसेको ८६औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा** नगरपालिकाको १०औं पालिका स्थापना दिवस मिति २०८२/११/२७ गते रक्तदान तथा सुभकामना आदानप्रदान गरी मनाउने निर्णय गरियो।

**निर्णय नं.(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा** ईन्जिनियर मानस थापाले स्नातकोत्तर अध्ययनको लागि स्पोन्सर कोटामा अध्ययन गर्न आर्थिक अनुदान सहित स्पोन्सर गरिपाउँ भनि दिएको निवेदन अनुसार ईन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसले उपलब्ध गराउने प्रायोजन कोटामा स्ट्रकचरल ईन्जिनियरिङ्ग विषयमा अध्ययन गर्नको लागि २०८३ जेठदेखि करिब २ वर्षको लागि अध्ययन विदा स्वीकृत गरी इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा स्पोन्सर कोटामा अध्ययनको लागि

नगर प्रमुख

स्वर्गद्वारी नगरपालिका २०७३

सिफारिस गर्ने साथै अध्ययन गर्ने विषय आगामी दिनहरुमा नगरपालिकाको विभिन्न विकास निर्माणको कार्यहरुमा बहुउपयोगी हुने हुँदा अध्ययन गर्नको लागि प्रायोजन गर्ने निर्णय गरियो।

निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, भिंग्रीमा रिक्त रहेको मेडिकल अधिकृत आठौं तहमा करार सेवामा १ जना मेडिकल अधिकृत, विभिन्न स्वास्थ्य संस्थामा रिक्त रहेको अ.न.मि पदको लागि करार सेवामा १ जना र अ.हे.व पदको लागि करार सेवामा २ जना कर्मचारी भर्नाको लागि विज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि सम्बन्धी पुरक शैक्षिक पूर्वाधार निर्माण योजनाको ठेक्का गरी कार्यान्वयन गर्दा सुरु ठेक्कामा झ्याल ढोका र इट्टाको परिमाण अपुग भएकोले सो कार्य गर्न लाग्ने थप रकम भ्याट सहित रु ४,६७,१४५/- (अक्षरुपी चार लाख सतसठ्ठी हजार एक सय पैतालिस) सोही ठेक्काको घटिघटाउबाट बचत रकमबाट व्यहोर्ने गरी सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११८ बमोजिम उपलब्ध प्रतिवेदनको आधारमा भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.(६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयमा प्रा.वि तहका ७ जना र आ.वि तहका ७ जना करार सेवामा शिक्षक भर्नाको लागि विज्ञापन गर्ने निर्णय गरयो।

निर्णय नं.(७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाका विभिन्न वडाहरूमा बजेट अभावका कारण सम्पन्न हुन नसकेका तपसिलका स्वास्थ्य भवनहरु नीति योजना तथा अनुगमन महाशाखा सिंहदरवार, काठमाडौमा माग गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | स्वर्गद्वारी स्वास्थ्य चौकी भवन निर्माण योजना | स्व.न.पा-२, प्यूठान | |
| २ | शहरी स्वास्थ्य केन्द्र, नेवारे भवन निर्माण योजना | स्व.न.पा-३, प्यूठान | |
| ३ | डाडाँगाउँ शहरी स्वास्थ्य केन्द्र भवन निर्माण योजना | स्व.न.पा-९, प्यूठान | |
| ४ | आयुर्वेदिक औषधालय भिंग्री, भवन निर्माण | स्व.न.पा-३, प्यूठान | |

निर्णय नं.(८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संचालन हुने तपसिलका योजनाहरु हालसम्म सञ्चालन नभएकोले यसै आ.व. भित्र सञ्चालन गरी सम्पन्न गर्नको लागि सम्वन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका २०७३

नगर प्रमुख

तपसिलः

| क.स. | योजनाको नाम |
|---|---|
| १ | सघन सहरी विकास कार्यक्रम अन्तर्गत पानिपाटा उपल्ला नल्सी राउतापाटा धान्जाखोला सडक स्तरोन्नती कालोपत्रे प्यूठान जिल्ला स्वर्गद्वारी न.पा. ७, प्यूठान |
| २ | प्यूठान अन्तर्गत जलुके जारीखोला/राकाबाङ डाडाखर्क-स्वर्गद्वारी नगरपालिका वडा नं. २ र ३, प्यूठान |
| ३ | जारीखोला पक्की पुल साविक भिंग्री २ हुलाक साविक भिंग्री ३ हाभि जोड्ने पक्की पुल वडा नं. ३ र ४ प्यूठान |
| ४ | स्वर्गद्वारी बसपार्क निर्माण पुरनधारा स्वर्गद्वारी न.पा. २ प्यूठान |
| ५ | मिलनचोक बेलवास पालिहाल्ने सडक स्तरोन्नती कालोपत्रे स्वर्गद्वारी न.पा.७ प्यूठान |
| ६ | प्यूठान बेलिब्रिज-तापा-बेलवास थापाखर्क-सालाबांङ देउराली सडक स्तरोन्नती, ग्राभेल र कालो पत्रे स्वर्गद्वारी न.पा. वडा नं. ७ र ६, प्यूठान |
| ७ | प्यूठान जिल्ला स्वर्गद्वारी नगरपालिका वडा नं. ५, नयाँ सहर सारी सामुदायिक भवन पहुँच मार्ग निर्माण तथा वरपरको बस्तिको सुधार गर्ने कार्य, स्वर्गद्वारी न.पा. ५, प्यूठान |
| ८ | चाल्नेटारमा स्वर्गद्वारी विमानस्थलको पूर्वाधार निर्माण अन्तर्गत बाटो स्तरोन्नती तथा कालोपत्रे, स्वर्गद्वारी न.पा-८, प्यूठान |
| ९ | चेरनेटा सोत्रे सारी रोल्पा सडक स्तरोन्तनी र कालोपत्रे, स्वर्गद्वारी न.पा. ८, ७ र ५, प्यूठान। |
| १० | भिंग्री धनबाङ्ग स्वर्गद्वारी सडक स्तरोन्नती कालोपत्रे स्वर्गद्वारी न.पा. २ प्यूठान |
| ११ | पिकनिक स्पोट स्वर्गद्वारी न.पा. २ प्यूठान |
| १२ | चमकला पार्क निर्माण स्वर्गद्वारी न.पा. २ प्यूठान |
| १३ | स्वर्गद्वारी धर्मशाला भवन निर्माण जलुके स्वर्गद्वारी न.पा. ३ प्यूठान |
| १४ | अरङखोला बेलटाकुरा पक्की पुल निर्माण स्वर्गद्वारी न.पा. १ प्यूठान |

**निर्णय नं.(९) प्रस्ताव नं. ९ विविध माथि छलफल गर्दा** ईन्जिनियर मानस थापाले स्नातकोत्तर अध्ययनको लागि स्पोन्सर कोटामा अध्ययन गर्न आर्थिक अनुदान सहित स्पोन्सर गरिपाउँ भनि दिएको निवेदन अनुसार ईन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसले उपलब्ध गराउने प्रायोजन कोटामा स्ट्रकचरल ईन्जिनियरिङ्ग विषयमा अध्ययन गर्दा लाग्ने एकमुष्ठ खर्च रकम रु ७,४६,३२०/- को ५० प्रतिशतले हुन आउने रकम निजबाट नगरपालिकाको विविध खर्च खाता (खाता नं. ०९२४३००९८२६१८२८२) मा जम्मा गर्न लगाइ बाँकी ५० प्रतिशतले हुन आउने रकम नगरपालिकाको सोही खर्च खाताबाट रकम

स्वर्गद्वारी नगरपालिका २०७३

नगर प्रमुख

CamScanner

भुक्तानी हुने गरी त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पसलाई भुक्तानी दिने निर्णय गरियो। साथै निजले अध्ययन गर्ने विषय नगरपालिकाको विभिन्न क्षेत्रमा उपयोगी हुने हुँदा निजको अध्ययन पश्चात अनिवार्य २ वर्ष यस पालिकामा सेवा गर्ने गरी कबुलियतनामा गराउने।

अन्त्यमा आजको ८७औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

नगर प्रमुख

स्वर्गद्वारी नगरपालिका २०७२

CamScanner